**22-11-24**

**यो आकाशवाणी गान्तोक हो**

**ल्वाबाब दुछेन सीएम**

आज बौद्ध धर्मवलम्बीहरूको पवित्र पर्व ल्वाबाब दुछेन हो। यस अवसरमा सिक्किमका राज्यपाल श्री ओमप्रकाश माथुर अनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा राज्यपालले भन्नुभएको छ, ल्हाबाब दुछेनको यो पवित्र पर्वले भगवान बुद्धका शिक्षा र उहाँले प्रचार गर्नुभएको ज्ञानको महत्वलाई बुझ्ने अवसर प्रदान गर्दछ। हाम्रो राज्य, सिक्किम, जुन धर्मभूमिको रूपमा परिचित छ, सधैं विविध धार्मिक परम्परा र संस्कृतिको प्रतीक रहँदै आएको छ। यस महत्वपूर्ण अवसरमा, म सिक्किमवासीलाई भगवान बुद्धले दिएको प्रेम, करुणा र सद्भावका मूल्यहरू अनुशरण गर्न आग्रह गर्दछु। भगवान बुद्धका गहन शिक्षाले हाम्रो मार्गदर्शन गरून्, हामीलाई सत्मार्गमा हिँड्न प्रेरणा दिऊन् र सम्पूर्ण विश्वभरि शान्ति, स्थिरता र सद्भाव फैलाउन सहयोग गरून्।

यसरी नै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पनि राज्यवासीलाई शुभकामना दिनुभएको छ। उहाँले भन्नुभएको छ, यस पवित्र दिनले भगवान बुद्धले पृथ्वीमा अवतरण गरी सम्पूर्ण विश्वको कल्याणको निम्ति ज्ञानको विस्तार गर्नुभएको सम्झना गराउँदछ। यस विशेष अवसरमा, म सबैलाई साक्यमुनि बुद्धले सिकाउनुभएको प्रेम, करुणा, ज्ञान र सद्भावका गुणहरू अँगाल्न र पालना गर्न आग्रह गर्दछु। मुख्यमन्त्रीले भन्नुभएको छ, भगवान बुद्धका शिक्षाले हामीलाई सधैं प्रेरणा दिऊन्, हाम्रो कार्यलाई सही मार्गदर्शन गरून् र हाम्रो जीवन उज्यालो बनाइदिऊन्। यो पवित्र दिनले भगवान बुद्धका आदर्शहरू फैलाउँदै संसारभरि शान्ति, खुशी, र एकता स्थापित गराउने विश्वास उहाँले व्यक्त गर्नुभएको छ।

**केन्द्रीय राज्यमन्त्री बघेल**

तीन दिनको सिक्किम भ्रमणमा रहनुभएका केन्द्रीय पशुपालन, मत्स्य पालन, दुग्ध र पञ्चायती राज राज्यमन्त्री प्रोफेसर एसपी सिंह बघेलले आज दोस्रो दिन मंगन जिल्लामा मिन्द्रोलिङ गुम्बाको भ्रमण गर्नुभयो। त्यसपछि उहाँले फोदुङको प्राथमिक स्वास्थ्य केन्द्रको भ्रमण गर्दै केन्द्रमा उपलब्ध स्वास्थ्य सेवाहरूको समीक्षा गर्नुभयो। भ्रमणको क्रममा उहाँले स्वास्थ्य केन्द्रले सेवा दिने जनसंख्या, खोप कार्यक्रम, औषधि आपूर्ति, आयुष्मान कार्डधारकहरूको संख्या र कर्मचारी संरचनाबारे जानकारी लिनुभयो। मन्त्रीले त्यसपछि एकलव्य मोडेल आवासीय विद्यालयको पनि भ्रमण गर्नुभयो। मन्त्रीले विद्यालय परिसरमा बिरुवा रोपेर मंगन जिल्लाको पहिलो चरणको भ्रमण समाप्त गर्नुभयो।

**राष्ट्रिय युवा महोत्सव**

खेलकुद तथा युवा मामिला विभागले भारतीय खेल प्राधिकरण र खेलकुद प्रशिक्षण केन्द्रको सहकार्यमा राष्ट्रिय युवा महोत्सव 2025-को तयारी गरिरहेको छ। महोत्सवको विषय "विकसित भारत युवा नेतृत्व संवाद 2025 ; युवालाई नेतृत्व गर्न सशक्त बनाउँदै" रहेको छ। राष्ट्रिय युवा महोत्सवको आयोजना आउँदो वर्ष 11 र 12 जनवरीमा नयाँ दिल्लीमा हुनेछ। यस आशयको जानकारी आज नाम्चीस्थित भाईचुङ्ग स्टेडियममा पत्रकारहरूसित कुराकानी गर्दै खेलकुद तथा युवा मामिला विभागका उपनिर्देशक श्री बसन्त प्रधानले दिनुभएको हो। श्री प्रधानले राष्ट्रिय युवा महोत्सव स्वामी विवेकानन्दको जन्मजयन्तीको अवसरमा 11 र 12 जनवरी 2025 मा मनाइने जानकारी दिनुभयो। राष्ट्रिय युवा महोत्सवलाई मनाउन यस डिसेम्बरको दोस्रो सातामा जिल्ला र राज्य स्तरमा विभिन्न प्रतियोगिताहरू आयोजना गरिने उहाँले जानकारी दिनुभयो। यी प्रतियोगिताहरूका विजेताहरूले 11 र 12 जनवरी 2025 मा नयाँ दिल्लीमा हुने राष्ट्रिय प्रतियोगितामा राज्यको प्रतिनिधित्व गर्नेछन्। जिल्ला युवा अधिकारी श्री सौरभ बर्मनले प्रतियोगिता तीन खण्डमा गरिने जानकारी दिनुभयो। यी सबै गतिविधिहरू जिल्ला र राज्य स्तरमा आयोजना गरिनेछन्। 15 देखि 29 वर्ष उमेरका प्रतियोगीहरूले मात्र www.mybharat.gov.in मा 25 नोभेम्बरदेखि 5 डिसेम्बर 2024 सम्म आफ्नो नाम दर्ता गरेर प्रतियोगितामा सहभागी हुन सक्नेछन्।

**गोल्डकप**

गान्तोक हिमालयन स्पोर्टिङ क्लब 24 नोभेम्बरमा गान्तोकको पालजोर स्टेडियममा हुने 40औँ अल इन्डिया गभर्नर्स गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2024-को फाइनलमा पुगेको छ। फाइनलमा गान्तोक हिमालयन स्पोर्टिङ क्लबले नर्थ इस्ट युनाइटेड फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ। बिहीबार साँझ भएको दोस्रो सेमिफाइनलमा गान्तोक हिमालयन एससीले चेन्नईयन फुटबल क्लबलाई एकका विरुद्ध दुई गोलले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो।

बिहीबार भएको खेलमा गान्तोक हिमालयन FC -का गोलकिपर निम्डुप लेप्चालाई म्यान अफ द म्याच घोषणा गरिएको थियो।

**आकाशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो**